श्री ५ को सरकार

## बन मन्त्रालयको

## सूचना

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (१)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले, नारायणी अञ्चल, चितौन जिल्लाको देहाय-बमोजिम चार किल्लाभित्रको क्षेत्रलाई शाही चितौन राष्ट्रिय निकुञ्ज घोषित गरेको छः—

पूर्वः—

(क) सौराह घाट निर राप्तीको दक्षिण किनाराको सिमेण्ट र इँटाको नं.३ को पक्की पिलरबाट शुरु भई जयमङ्गला भवानीपुर, गढौली, ढिढौली, बनगाई, भीमपुरको आवादी जग्गाको किनारा हुँदै सोही भीमपुर गाउँको पूर्वतर्फ पर्ने मूल खोलाको पश्चिम किनारामा स्थित पक्की पिलर नं. ३५ सम्म ।

(ख) मूल खोला निरको उक्त ३५ नं. को पक्की पिलरबाट सीधा दक्षिण जंगल लाइन भई पैरे खोलाको बगर पुगी पैरेवास हुँदै पिपरिया-ठोरीको पैदल बाटो भएर चुरेको मुख्य पानीढलो (चुरेथान भञ्ज्याङ) सम्म ।

(ग) उक्त चुरेथान भञ्ज्याङबाट चुरेको मुख्य पानीढलो भएर पूर्वको अमुवा खोलाको पश्चिम शिरसम्म ।

(घ) उक्त शिर निरको पहाडी ढाल हुँदै दक्षिण गई अमुवा खोलामा रहेको सिमेण्टको खम्बा-सम्म ।

(ङ) सो सिमेण्ट खम्बादेखि अमुवा खोला हुँदै ठोरी-माडी बाटोसम्म ।

दक्षिणः—

(क) ठोरी-माडी बाटै बाटो हुँदै वबै चौकी निरको रिउ खोलासम्म ।

(ख) सो रिउ खोलाबाट उक्त खोलाको बीच धार हुँदै बोटे सिमरा चौकी नजिक काठको खम्बा नं. १ सम्म ।

(ग) उक्त खम्बाबाट आवादी जग्गा र जंगलको सीमाना कायम गर्दै सपनावती घोलसंग मिसिएर बनेको नयाँ रिउ खोलासम्म । सो रिउ खोला पश्ची अमिलिया गाउँको नयाँ आवादी जग्गासम्म । सो आवादी जग्गादेखि काठको खम्बाले सीमाना लगाएको ५५ नं. खम्बासम्म ।

(घ) उक्त ५५ नं. को आखिरी खम्बाबाट सपनावती घोल हुँदै रिउ खोलासम्म ।

(ङ) उक्त रिउ खोलाको बीच धार हुँदै पाँच पाण्डव गाउँको आखिर आवादीको जग्गाबाट शुरु भएको काठको खम्बाले छुट्याएको वन सीमाना खम्बा नं. १ सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) उक्त खम्बा नं. १ बाट पाँच पाण्डव गाउँ, द्रौपदीनगर, चैनपुर गाउँको आबादी जग्गा र जंगल छुट्टाउने काठको वन सीमाना हुँदै चैनपुरबाट भारतको दुन जाने बाटोमा रहेको काठको खम्बा नं. ६२ सम्म ।

(छ) माडी चैनपुरबाट भारतको दुन जाने बाटो हुँदै नेपाल–भारत सीमानासम्म ।

(ज) नेपाल–भारत सीमानाबाट पश्चिमतर्फ सीमानै सीमाना गई नेपाल–भारत सीमानाको ६० नं. को पिलरसम्म ।

पश्चिमः–

(क) उक्त ६० नं. पिलरबाट पश्चिम उत्तर डाँडैडाँडा हुँदै मोहान खोलाको पूर्वी हाँगासम्म ।

(ख) उक्त मोहान खोला हुँदै नारायणी नदीसम्म ।

(ग) सो ठाउँबाट नारायणी नदीको सबभन्दा पश्चिमतर्फको मुख्य धार हुँदै सिग्रोली निर नारायणी नदी फाटी दुई धार हुने ठाउँसम्म ।

(घ) उक्त ठाउँ सिग्रोलीबाट सबभन्दा पूर्वपट्टिको मुख्य पानी भएको धार हुँदै राप्ती र नारायणी नदीहरू मिल्ने ठाउँ गोलाघाट निरसम्म ।

उत्तरः–

(क) उक्त संगमबाट राप्तीको बीच धार हुँदै रिउ खोला र राप्ती नदी मिल्ने संगमसम्म ।

(ख) सो संगमबाट राप्तीको बीच धार हुँदै सौराह निर भालु जंगल अजिङ्गरे घोल टापुको पश्चिम कुनाको पक्की पिलर नं. १ सम्म ।

(ग) सो कुनाबाट बूढी राप्तीको र इचर्नी खोलाको बीच धार हुँदै सो टापुको पूर्वी कुनाको पक्की पिलर नं. २ सम्म ।

(घ) सो कुनाको पक्की पिलर नं. २ बाट इचर्नी खोलातर्फ आएको राप्ती नदीको सुख्खा धार हुँदै मुख्य राप्तीसम्म ।

(ङ) सो राप्तीको बीच धार हुँदै सौराह घाटको पारी राप्ती नदीको दक्षिण किनारामा स्थित ईंटा र सिमेण्टको पक्की पिलर नं. ३ सम्म ।

द्रष्टव्यः–

उपर्युक्त सीमानाको बेरिङ तथा सीमाना (खम्बा) हरूको बीचको आपसी दूरीको विवरण (अभिलेख) सी. सी. एफ्. कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण शाखा कार्यालय र शाही चितौन राष्ट्रिय निकुञ्ज कार्यालयमा राखिएको छ ।

आज्ञाले–
धीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।